इटहरी उप-महानगरपालिका
Itahari Sub-Metropolitan City
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
इटहरी, सुनसरी (Itahari, Sunsari)
१ नं. प्रदेश, नेपाल/Province No. 1, Nepal

५८४५५८ (कार्यालय)
५८००४६ (का.का.अ.)
५८४५५९ (कार्यालय)
५८०५०९ (इन्टरकम)
५८४६५९(सामुदायिक)

प.सं. /Ltr. No.: 068/069
च.नं./Ref. No. 7888

मिति/Date: २०७४।०८।०८

विषय: औषधि खरिद सम्बन्धि शिलवन्दी वोलपत्र आह्वानको सुचना

*प्रथम पटक प्रकाशित मिति: २०७४।०८।०९*

यस कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र बोत्रपत्र खरिद दस्तुर बापत रु.१०००।००(एक हजार मात्र) फिर्ता नहुने गरि जम्मा गरी जम्मा गरेको सक्कल भौचर निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र सिलवन्दी वोलपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट वोलपत्र खरिद गर्न सक्नेछ । वोलपत्र खरिद गर्नका लागी निवेदकले चालु आ.व.का लागी नविकरण गरिएको कम्पनि दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र, नेपाली नागरीकताको प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाण पत्रको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखि यस कार्यालयवाट वोलपत्र फाराम खरिद गर्न निबेदन पेश गर्नु पर्नेछ । खरिद गर्नु पर्ने औषधिको विवरण यस कार्यालयको वेभसाईड www.itaharimun.gov.np मा हेर्न सकिने छ ।

१. वोलपत्र फाराम खरिद गर्न आउदा रु १०।- को टिकट टाँसेको निवेदन साथ नविकरणको म्याद समाप्त नभएको औषधि बिक्री गर्ने इजाजतपत्र, मुल्य अभिवृद्धि करमा दर्ता भएको आ.व. ०७३/७४ मा कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न हुनु पर्नेछ ।
२. सुचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म वोलपत्र फाराम विक्री वितरण हुनेछ । ३१ औं दिनको १२ वजे सम्म विक्रि भएका बोलपत्रहरु दर्ता गरि सक्नु पर्ने छ । सो सिलवन्दी वोलपत्र साथ तपशिलमा तोके वमोजिमको रकम बरावरको मान्यता प्राप्त बैंकवाट जारी भएको कम्तीमा १२० दिन (शिलवन्दि बोलपत्र वुझाउने अन्तिम मितिबाट) म्याद भएको जमानत ( विड वाउण्डको ) सक्कल प्रति बैंक जमानत वा नेपाल बैंक लि इटहरी मा रहेको यस इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको धरौटी खाता नं. ग-३/०५९०३०००००००००३००००३ मा जम्मा गरि सोको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।
३. सिलवन्दी वोलपत्र दाताले वोलपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत, कार्यालयको छाप लागेको निवेदन पेश गर्नुपर्नेछ । दस्तखत तथा कार्यालयको छाप नभएको निवेदन उपर कुनै हालतमा मान्य हुने छैन ।
४ वोलपत्र विक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु सो को भोलिपल्ट क्रमश हुनेछ
५. म्याद भित्र दर्ता हुन आएका शिलवन्दी वोलपत्र फारामहरु ३१ औं दिनको १.०० बजे पछि कार्यालयका प्रतिनिधिहरु र वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।
६. सिलवन्दी वोलपत्रमा कवोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा दस्तखत गरेको हुनु पर्ने छ ।
७ औषधि खरिद गर्दा (WHO GMP Certified Company) बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ ।
८. आ.व. २०७४।०७५ का लागि औषधि खरिदमा रकम बाकिं रहेमा तथा थप रकम व्यवस्था भई आएमा वा कार्यालयलाई स्वीकृत भएका वोलपत्र अनुसारका औषधि थप आवश्यक भएमा यसै दररेट अनुसार खरिद गर्न पनि सकिने छ । सिलवन्दी वोलपत्र पेश गरेको मूल्य चालु आ.व. का लागि कुनै प्रकारको मूल्यवृद्धिलाई स्वीकार गरिने छैन ।

पितामबर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत